बैठक संख्याः २०८०/८१-३

आज मिति २०८०/०५/१२ गते मंगलबारको दिन बिहान ८ वजे सिद्ध कुमाख गाउँ कार्यपालिकाको बैठक सिद्ध कुमाख गाउँपालिकाको अध्यक्ष श्री भरत गिरी ज्यूको अध्यक्षतामा सिद्ध कुमाख गाउँपालिकाको सभाहलमा देहायको सदस्य तथा व्यक्तिहरुको उपस्थितिमा बसी देहाय बमोजिमको प्रस्ताव उपर छलफल गरि तपशिलका निर्णयहरु गरियो ।

**उपस्थितिः**

| सि.न. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | भरत गिरी | अध्यक्ष | |
| २ | राम बहादुर वस्नेत | उपाध्यक्ष | |
| ३ | डिल्ली खड्का | सचिव | |
| ४ | रमेश चलाउने | वडाध्यक्ष, १ नं वडा | |
| ५ | मेक बहादुर बुढाथोकी | वडाध्यक्ष, २ नं वडा | |
| ६ | जिवराज बोहरा | वडाध्यक्ष, ३ नं वडा | |
| ७ | खर्कविर रोका | वडाध्यक्ष, ४ नं वडा | |
| ८ | चुडामणी रेउले | वडाध्यक्ष, ५ नं वडा | |
| ९ | बुदी कुवर | कार्यपालिका सदस्य | |
| १० | आशा परियार | कार्यपालिका सदस्य | |
| ११ | करुणा राना बस्नेत | कार्यपालिका सदस्य | |
| १२ | मनि सार्की | कार्यपालिका सदस्य | |
| १३ | केशर परियार | कार्यपालिका सदस्य | |
| १४ | भिम बहादुर विक | कार्यपालिका सदस्य | |

**अन्य उपस्थितिः**

१. सुरेन्द्र प्रसाद यादव — स्वास्थ्य शाखा प्रमुख

२. भिमलाल भण्डारी — सूचना प्रविधि अधिकृत

३. तोला कुमारी बुढाथोकी — कास

**<u>प्रस्तावहरु</u>**

१. शिक्षा समितिको निर्णय अनुमोदन सम्वन्धमा ।
२. प्रमुख प्रशासकीय अधिकृतको स्वागत सम्वन्धमा ।
३. कोठा भाडा सम्वन्धमा ।
४. आर्थिक सहायता सम्वन्धमा ।
५. सामाजिक सञ्जालको प्रयोग सम्वन्धमा ।
६. जिन्सी सामानको प्रयोग सम्वन्धमा ।
७. मेशिनरी सामान हस्तान्तरण सम्वन्धमा ।
८. विविध सम्वन्धमा ।

**निर्णय नं १:**

सिद्ध कुमाख गाउँपालिका गाउँ शिक्षा समितिको मिति २०८०/०५/११ गतेको निर्णय सर्वसम्मतले अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं २:**

यस सिद्ध कुमाख गाउँपालिकामा प्रमुख प्रशासकीय अधिकृतको रुपमा सरुवा भई आउनुभएका नेपाल प्रशासन सेवा, सामान्य प्रशासन समुह, राजपत्राङ्कित तृतीय श्रेणी प्रमुख प्रशासकीय अधिकृत श्री डिल्ली खड्कालाई स्वागत गर्ने सर्वसम्मतले निर्णय गरियो ।

**निर्णय नं ३**

सिद्ध कुमाख गाउँपालिकाको कार्यसंचालन कार्यविधि, २०७७ अनुसार कार्यालय प्रयोजनार्थ आयुर्वेद सेवा संचालनको लागि २ वटा र हुलाक सेवा संचालनको लागि १ वटा कोठा व्यवस्थापन गर्ने र आवासीय सुविधाको लागि गाउँपालिका अध्यक्ष, उपाध्यक्ष र प्रमुख प्रशासकीय अधिकृतको लागि आवश्यक कोठाको व्यवस्थापन गर्ने साथै अधिकृतस्तरको कर्मचारीलाई प्रदान गर्दै आवासीय सुविधा मिति २०८० असोज १ गते देखि सम्झौता रद्ध गरी सुविधा थप नगर्ने निर्णय गरियो ।

**निर्णय नं ४:**

सिद्ध कुमाख गाउँपालिकाको विभिन्न वडा कार्यालय बाट सिफारिस भै आएका तपशिलका व्यक्ति/संस्थाहरुलाई तपशिल बमोजिमको आर्थिक सहायता दिने निर्णय गरियो ।

| क्र.स. | आर्थिक सहायता पाउने व्यक्तिको नाम थर | ठेगाना | आर्थिक सहायता पाउने कारण | आर्थिक सहायता रकम |
|---|---|---|---|---|
| १ | रिता थापा | सिद्ध कुमाख ३, सल्यान | बाढीले गोठ भत्किएको | रु ५ हजार |

**निर्णय नं ५:**

सिद्ध कुमाख गाउँपालिकामा कार्यरत कर्मचारी तथा जनप्रतिनिधीहरुले कार्यालयको विषयमा अनावश्यक टिकाटिप्पनीहरु, गोपनियता भंग हुने खालका पोष्टहरु सामाजिक सञ्जालमा सम्प्रेषण गर्ने गरेको हुदाँ यस कार्यलाई निरुत्साहित गर्न सामाजिक सञ्जालको सहि सदुपयोग गर्न निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं ६:**

सिद्ध कुमाख गाउँपालिकाको जिन्सी सामानको प्रयोगलाई पारदर्शी र मर्यादित बनाउनको लागि जिन्सी शाखाबाट माग फाराम भरीभराई कार्यालय प्रमुखबाट तोकआदेश भए पश्चातमात्र जिन्सी सामान प्रयोग गर्न निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं ७:**

सिद्ध कुमाख गाउँपालिका अन्तर्गतका तपशिलका कार्यालय, स्वास्थ्य संस्था, सामुदायिक विद्यालय र आमा समुहहरुलाई देहायबमोजिमको मेशिनरी सामान गाउँपालिकाबाट खरिद गरी हस्तान्तरण गर्ने निर्णय गरियो ।

तपशिलः

| सि.न. | मेशिनरी सामग्री माग गर्ने संस्थाको नाम | माग गरेको सामानको विवरण | परिमाण | कैफियत |
|---|---|---|---|---|
| १ | स्वास्थ्यचौकी बाँझकाडा | ल्यापटप<br>प्रिन्टर (3 in 1) | १ थान<br>१ थान | |
| २ | स्वास्थ्यचौकी सिद्धेश्वरी | ल्यापटप | १ थान | |
| ३ | स्वास्थ्यचौकी चाँदे | ल्यापटप | १ थान | |
| ४ | स्वास्थ्य इकाई भडारे | ल्यापटप | १ थान | |
| ५ | शान्ति सुन्दर मावि, खार्वन | ल्यापटप | १ थान | |
| ६ | जिल्ला अदालत सल्यान | डेस्कटप | १ थान | |
| ७ | सिद्ध कुमाख गाउँपालिका भित्रका आमा समुहहरु सवै | स्पिकर | १/१ थान | |